# परिच्छेद-एक

# परिचय

१. १ पृष्ठभुमि

नेपालको संविधानले कानुनी राज्य र सुशासनको अवधारणामा आधारित लोकतान्त्रिक मुल्य मान्यता सहितको समृद्ध राष्ट्र निर्माण गर्ने परिकल्पना गरेको छ।संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरि देशको शासन व्यवस्थालाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरेको छ।राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुन बमोजिम गर्ने भनी संविधानमै किटान गरिएको छ। संविधानको अनुसूची–५, अनुसूची–६  र अनुसूची–८ मा क्रमशः संघ,प्रदेश र स्थानीय तहको अधिकारका विषयहरु उल्लेख गरिएका छन्।त्यस्तै गरी संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची–९ मा रहेको छ। आफ्नो क्षेत्राधिकारको प्रयोग संविधान र संघीय कानुन, प्रदेश कानुन र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने संवैधानिक व्यवस्था छ।संविधान कार्यान्वयनको क्रममा वि.स. २०७४ सालमा तीनै तहको आवधिक निर्वाचन सम्पन्न भएको छ। निर्वाचित पदाधिकारीहरुले संघीयताको अभ्यास गरेको एक चरण पुरा भै दोश्रो चरण प्रारम्भ भैसकेको छ। यसै सन्दर्भमा ग्रामथान गाउँपालिकाले पनि संविधान र संघीयताको कार्यान्वयन गरेको ६ वर्ष व्यतित भैसकेको छ। यस गाउँपालिकाले आफ्ना अधिकार क्षेत्रको अधिनमा रही ६ वर्षको अवधिमा के कस्ता कानूनहरु निर्माण गरिए,त्यसको समिक्षा र आगामी दिनमा के कति कानून निर्माण गर्नु पर्ने हो त्यसको अध्ययन गर्नु वाञ्छनिय भएकोले ग्रामथान गाउँपालिका,गाउँ कार्यपालिकाको निर्णयले **"हालसम्म निर्माण भएका कानूनहरुको कार्यान्वयनको अवस्था तथा  निर्माण गर्नु पर्ने कानुनहरुको"** सम्बन्धमा अध्ययम गर्न कार्यदल बनाइ यो अध्ययन गराएको छ ।

१.२ अध्ययन प्रतिवेदनको औचित्यः

गाउँसभाले कानुन बनाउँदा संघीय कानूनसँग नबाझिने गरी बनाउनु पर्ने र गाउँ सभा सभाले बनाएको त्यस्तो कानून संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म आमान्य हुनेछ भन्ने संविधान मै उल्लेख गरिएको छ। कुनै पनि तहले आफ्नो अधिकार क्षेत्रको प्रयोग  गर्दा कानून बनाएर मात्र गर्नु पर्छ।ग्रामथान गाउँपालिकाले आफ्नो अधिकार प्रयोग गर्ने क्रममा के कति कानून तर्जुमा गर्यो र के कति तर्जुमा गर्न बाँकी रहेका छन,कति संशोधनयोग्य छन् भन्ने विषयको अध्ययन गरि प्रतिवेदन तयार गर्ने अभिप्रायले मिति २०८० साल भदौ १९ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार कार्यदल निर्माण गरि यो अध्ययन गरिएको छ। यस अध्यनले वि.स. २०७४ देखि वि.स. २०८० भदौं १९ गतेको गाउँकार्यपालिका निर्णय भन्दा अगाडीसम्मको गाउँसभाले तर्जुमा गरेका कानूनहरुको अवस्था र अव बनाउनु पर्ने कानूनहरुको सम्बन्ध आवश्यक मार्गदर्शन प्रदान गर्ने गरि प्रतिवेदन तयार गर्दछ।निर्वाचित पदाधिकारीहरुलाई हालसम्म बनेका कानून र अब कति कानून बनाउनु पर्ने हो त्यसको जानकारी दिन सहयोग गर्दछ।

**१.३ अध्ययनको उदेश्य**

यस अध्ययन प्रतिवेदनको उदेश्य निम्न रहेको छ।

- यस ग्रामथान गाउँपालिकाले स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गतका  कुन कुन विषयमा कानून  तर्जुमा गर्नु पर्ने हो,अध्ययन गरि प्रतिवेदन तयार गर्नु।
- नेपालको संविधान कार्यान्वयन आए पश्चात २०७२, वि.स. २०७४ देखि २०८० साल असारसम्म यस गाउँपालिकाले तर्जुमा गरेका कानूनहरुको विषय र संख्या थाह पाउनु ।

- स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत ग्रामथान गाउँपालिकाले तर्जुमा गरेका कानूनहरुको अवस्था र आगामी दिनमा तर्जुमा गर्नु पर्ने कानूनहरुको विषयको बारेमा पदाधिकारीलाई जानकारी प्रदान गर्नु।
- गाउँपालिकाले निर्माण गरेका कानूनहरुलाई समय सापेक्ष बनाउन आवश्यक पृष्ठपपोषण प्रदान गर्न।

**१.४ अध्ययनको क्षेत्र**

यस सम्बन्धमा कार्यपालिकाको बैठकले जिम्मेवारी प्रदान गरेको पत्रको कार्य क्षेत्र भित्र रही यो अध्ययन प्रतिवेदन तयार गरिनेछ। कार्य शर्त र कार्यविधि नतोकिएका पनि समितिको वैठक बसि देहाय बमोजिमको निर्णय गरिएको हुँदा सोही बमोजिम अध्ययनको क्षेत्र हुने तय गरिएको छ।

- स्थानीय तहको संवैधानिक एकल अधिकार क्षेत्रहरु अन्तर्गत ग्रामथान गाउँपालिकाले निर्माण गरेका र निर्माण गर्नु पर्ने कानूनको विषयमा अध्ययन गर्ने।
- स्थानीय तहको आफ्नो एकल क्षेत्राधिकारको विषयमा ग्रामथान गाउँपालिकाले निर्माण गरेका र गर्नुपर्ने कानूनहरुको संख्या यकिन गर्ने।
- स्थानीय तहको संवैधानिक साझा अधिकार क्षेत्रहरु अन्तर्गत ग्रामथान गाउँपालिकाले निर्माण गरेका र निर्माण गर्नु पर्ने कानूनको विषयमा अध्ययन गर्ने।
- स्थानीय तहको आफ्नो साझा क्षेत्राधिकारको विषयमा ग्रामथान गाउँपालिकाले निर्माण गरेका र गर्नु पर्ने कानूनहरुको विषय यकिन गर्ने।
- ग्रामथान गाउँपालिकाद्वारा निर्मित कानूनहरुलाई समयसापेक्ष बनाउन आवश्यक विश्लेषण गर्ने र सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुका साथै प्रतिवेदन तयार गर्ने।

उल्लेखित क्षेत्रभित्र रहेर अध्ययन गरि यो प्रतिवेदन तयार गरिएको छ।

**१.५ अध्ययनको सिमा र समयावधि**

यस अध्ययनले कार्यक्रम तथा बजेटको आकार, निर्धारण गरिएको समय,विषगत क्षेत्रहरुको आधारमा विषयगत शाखा र कार्यक्रमहरुसँग व्यवहारिक सामञ्जस्यता कायम गर्दै देहायको सिमा भित्र रहि यो अध्ययन गरिएको छ।

१. विषयगत रुपमा तर्जुमा गर्नु पर्ने, तर्जुमा भैसकेका र संशोधन गर्नु पर्ने कानूनहरुलाई विषय शाखागत रुपमा कानूनको जानकारी माग गरि प्रतिवेदन तयार गर्ने।

२. गाउँपालिकाले तर्जुमा गरेका र स्वीकृत गरि मिति २०८० साल भाद्र १९ गतेभित्र आफ्नो वेवसाइटमा राखेका तथा राजपत्रमा प्रकाशित गरेका कानूनका विवरण समावेश गरि यो अध्ययन गरिएको छ।

३. तोकिएको अवधि पौष मसान्त,२०८० भित्र अध्ययन गरि प्रतिवेदन तयार गरिसक्ने।

**१.६ अध्ययनको विधि**

देहायको विधि अपनाई कानूनका विषयहरुको अध्ययन गरिएको छ।

- **सन्दर्भ सामग्रीहरुको अध्ययनः** अध्ययनको क्रममा नेपालको संविधानको अनुसूची- ८ मा उल्लेख गरिएका एकल र अनुसूची-९मा उल्लेख गरिएका साझा अधिकारका विषय ,स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा उल्लेखित विषयहरुको अध्ययन र विश्लेषण गरिएको छ। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा विषयगत मन्त्रालयबाट निर्माण गरि स्थानीय तहमा पठाएका नमुना कानूनको मस्यौदाहरुको पनि पुनरावलोकन गरिएको छ। यस गाउँपालिकाबाट प्रकाशित राजपत्रहरु र गाउँपालिकाको वेवसाइटमा राखिएका कानुनी दस्तावेजहरुको अध्ययन सामग्रीको रुपमा लिइएको छ।

- **सम्बद्ध पदाधिकारीहरुसँग छलफलः** यस ग्रामथान गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बद्ध पदाधिकारीहरु र शाखा प्रमुखहरुसँग यस गाउँपालिका अन्तर्गतका कानून सम्बन्धमा समिक्षात्मक छलफल गरिएको छ।

- **आधारभूत तथ्यांक संकलनः** स्थानीय तहको संवैधानिक रुपमा रहेको एकल र साझा अधिकार क्षेत्रको विषयहरुमा यस गाउँपालिकामा हालसम्म तर्जुमा गरिएका कानूनको नाम,तर्जुमा गर्नु पर्ने कानूनको नाम ,संशोधन गर्नु पर्ने कानूनको नाम,दफा ,संशोधन गर्नु पर्ने विषय र कारण सहित शाखागत रुपमा तथ्यांक संकलन गरि अध्ययन गरिएको छ।

- **अन्य तहका कानूनका अध्ययनः** यस गाउँपालिकाले निर्माण गर्नु पर्ने र निर्माण गरेका कानून र अन्य स्थानीय तहले निर्माण गरेका कानूनहरुको तुलनात्मक अध्ययन गरि प्रतिवेदन तयार गरिएको छ।

- **संघिय र प्रदेशले तर्जुमा गरेका कानूनको अध्ययनः** संविधानको अनुसूची-९ मा उल्लेखित साझा अधिकारका विषयमा साथै संघिय र प्रदेश व्यवस्थापिकाले तर्जुमा गरेका कानूनहरु पनि अध्ययन गरिएको छ।

- **नमुना कानूनहरुको अध्ययनः** सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि नमूना कानून वनाई वेवसाइटमा राखेका कानूनहरुको पनि अध्ययन गरिएको छ।

विधिशास्त्र र कानूनी सिद्वान्हरुको अधिनमा रहेर सवैधानिक र कानूनी अधिकारको क्षेत्रमा अध्ययन गर्नु पर्ने भएकोले सैद्वान्तिक अनुसन्धान पद्वति , विश्लेषणात्मक पद्वति र विवरणात्मक पद्वति अपनाईएको छ।

**१.७ अध्ययनको संरचना**

ग्रामथान गाउँपालिकामा निर्माण गर्नु पर्ने कानूनहरुको समिक्षा र आगामी दिनमा निर्माण गर्नु पर्ने कानूनहरुका सम्बन्धमा प्रतिवदेन देहाय बमोजिम खण्डहरुमा वाँडेर तयार गरिएको छ।

परिच्छेद १ - परिचय
परिच्छेद २- सान्दर्भिक कानूनी दस्तावेजहरुको अध्ययन र पुनरावलोकन
परिच्छेद ३- विध्यमान कानूनहरुको विश्लेषण
परिच्छेद ४- अध्ययनको निचोड तथा सुझाव
परिच्छेद ५- निष्कर्ष
अनुसूचीहरु

## परिच्छेद- दुई
## सान्दर्भिक कानूनी दस्तावेजको अध्ययन र पुनरावलोकन

### २.१ अवधारणा

नेपालको संविधान ले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न र कानूनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने गरि तीन तहको शासकीय संरचनाको अभ्यास भैरेहको छ। संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गरेको छ। स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाई आर्थिक अधिकार प्रयोग र राजस्व उठाउन ,कर लगाउने व्यवस्था धारा ५९ र ६० मा गरेको छ। धारा २१७ मा स्थानीय तहमा रहने न्यायिक समितिको संरचनागत प्रावधान उल्लेख गरेको छ। स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँसभामा रहेको र त्यस्तो अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिम हुने र ती विषयहरुमा कानून बनाउन सक्ने स्पष्ट व्यवस्था संविधानको धारा २२१ र धारा २२६ मा रहेको छ।

संविधान बमोजिम स्थानीय तहको अधिकार कार्यान्वयन गर्न तथा संघ,प्रदेश र स्थानीय तह बिचको सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्दै लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरि कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप शासन प्रणालीलाई स्थानीय तहदेखि सुदृढ गर्नु पर्ने देखिन्छ। स्थानीय नेतृत्व विकास,स्थानीय शासन पद्वति व्यवस्थित गरि स्थानीय तहमा विधायिकी,कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न,स्थानीय सरकार संचालन गर्ने सम्बन्धमा जिम्मेवार भइ अधिकारको प्रयोग गर्न कानूनहररुको तर्जुमा गर्न आवश्यक छ।

### २.२ सन्दर्भ कानूनी दस्तावेजको अध्ययन

यस अध्ययनको क्रममा नेपालको संविधान, नेपाल कानून आयोगको वेवसाइटमा राखिएका स्थानीय तहसँग सम्बन्धित ऐन तथा नियमावलीहरुलाई अध्ययन गरिएको छ।

#### २.२.१ नेपालको संविधान:

नेपालको संविधानको अनुसुची-८ मा रहेका एकल अधिकारका उल्लेखित विषयहरुमा स्थानीय तहले कानून बनाउन सक्ने संवैधानिक अधिकार रहेको छ। संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारका विषय अनुसूची-९मा उल्लेखित विषयमा पनि संघ तथा प्रदेशको सहकार्यमा सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी कानून बनाउन सक्ने व्यवस्था छ। ग्रामथान गाउँपालिकाले उक्त विषयहरुमा आवश्यक कानून बनाई कार्यान्वयन गर्नु आवश्यक रहेको छ। संविधानको धारा २२६ मा गाउँसभा र नगरसभाले अनुसूची-८ र अनुसूची-९ का उल्लिखित विषयमा व्यवस्थापिकिय अधिकार प्रयोग गरि धारा २२१ को बमोजिम कानून वनाउन सक्ने संवैधानिक व्यवस्था रहेको छ। स्थानीय तहको एकल अधिकारको सूची र संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची अनुसूची- १ र २ मा क्रमशः राखिएको छ।

#### २.२.२ स्थानीय सरकार संचालन ऐन,२०७४

संविधान पछिको स्थानीय सरकार संचालनको मुल दस्तावेज भनेको स्थानीय सरकार संचालन ऐन,२०४ हो। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा संविधानको अनुसूची-८ मा रहेको स्थानीय तहको एकल अधिकारको विषयरु समावेश गरिएका छन्। ती विषयहरुमा ग्रामथान गाउँपालिकाले कानून बनाउने,कार्यान्वयन गर्ने,संशोधन गर्ने कार्यहरु समावेश गरिएका छन्। त्यस्तै गरी ऐनको दफा ११ को उपदफा ३ र ४ मा संविधानको साझा अधिकारको

अनुसूची-९ मा उल्लेखित विषयहरुमा नबाझिने गरि संघ,प्रदेशको सहकार्यमा कानून बनाउने काम,कर्तब्य र अधिकार उल्लेख गरेको छ। ऐनको दफा ११ (५) मा उल्लेखित विषय संघीय तथा प्रदेश कानूनको अधिनमा रही भूमि व्यवस्थापन,सञ्चार सेवा,यातायात सेवा लगायतका कार्य गर्ने उल्लेख छ। ऐन दफा ११ (७) गाउँपालिकाले दफा ११ (१), (३), (४) र (५) बमोजिमको काम कर्तब्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून,नीति,योजना,मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था छ। कार्यपालिकाको कार्यविधि र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ भन्ने व्यवस्था ऐनको दफा १६ मा उल्लेख छ।

### २.३ सन्दर्भ कानूनी दस्तावेजको पुनरावलोकन

#### २.३.१ ग्रामथान गाउँपालिका राजपत्र र वेवसाईट

ग्रामथान गाउँपालिकाले प्रकाशन गरेको खण्ड १-२ ,संख्या १-१५ सम्मको राजपत्रमा प्रकाशित गरिएका र www.gramthanmun.gov मा राखिएका कानूनहरुको अध्ययन गरिएको छ।

१. राजपत्रमा प्रकाशन सम्बन्धी कार्यविधि
२. गाउँसभा संचालन कायविधि
३. ग्रामथान गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली
४. ग्रामथान गाउँपालिका ( कार्य विभाजन) नियावली
५. स्थानीय तह विनियोजन ऐन
६. ग्रामथान गाउँपालिकाको आर्थिक ऐन
७. ग्रामथान गाउँपालिका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन
८. न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
९. ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्दन ऐन
१०. “घ” वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि
११. एम.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि
१२. ग्रामथान गाउँपालिकाको शैक्षिक व्यवसथापन कार्यविधि
१३. ग्रामथान गाउँपालिकाको सहकारी ऐन
१४. ग्रामथान गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका
१५. ग्रामथान गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन
१६. अपाङगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि
१७. ग्रामथान गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७६

२.४ **संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः** यस मन्त्रालयको वेवसाइटमा अपलोड गरिएका ५२ वटा नमूना कानूनहरुको पुनरावलोकन गरिएको छ।

**२.५ कोशी प्रदेशले तर्जुमा गरेका ऐनः** कोशी प्रदेशले निर्माण गरेका ७० वटा र ३ नमूना कानून बनाई वेवसाइटमा राखिएका कानूनहरुको अध्ययन गरिएको छ।

- गाउँ सभा तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५
- प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन,२०७५, घरेलु हिंसा कोष संचालन गर्ने सक्ने

### २.६ अन्य संघीय वा प्रदेश ऐनहरु

संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून वनाई निक्षेपण गर्न सक्नेछ भन्ने प्रावधान अनुसार संघीय सरकारले तर्जुमा गरेका देहायका ऐनहरुको पनि अध्ययन गरिएको छाती कानूनहरुले स्थानीय तहलाई प्रदान गरेका अधिकारको सम्बन्धमा निम्न बमोजिम टिपोट गरिएको छ।

- बालबालिका सम्बन्धी ऐन,२०७५,बाल गृहको स्थापना र संचालन,स्थानीय बालअधिकार समिति गठन,बाल कल्याण अधिकारी रहने,समाज सेवी तथा बाल मनोविज्ञ सूचिकृत गर्ने
- सहकारी ऐन,२०७४- सहकारी ऐन बनाउने अधिकार स्थानीय तहलाई प्रदान गरेको
- भुउपयोग ऐन,२०७६- स्थानीय भुउपयोग परिषद हुने व्यवस्था
- उपभोक्ता संरक्षण ऐन,२०७५,स्थानीय बजार अनुगमन समिति गठन,निर्देशिका तथा कार्यविधि बनाउने अधिकार
- आवासको अधिकार सम्बन्धी ऐन-२०७५,कार्यविधि तथा निर्देशिका बनाउने अधिकार
- रोजगारीको हक सम्बन्धी ऐन,२०७५- स्थानीय निर्देश समिति गठन गर्ने अधिकार प्रदान
- श्रम ऐन,२०७४
- अपांङगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन,२०७४,स्थानीय समन्वय समिति रहने व्यवस्था रहेको छ।
- खाद्य अधिकार तथा सम्प्रभुता ऐन,२०७५
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यहवार (निवारण) ऐन, २०७१- आचारसंहिता बनाई लागू गर्ने
- सार्वजनिक खरिद ऐन,२०६३- सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न अधिकार प्रदान
- खानेपानी तथा सरसफाई ऐन,२०७९, स्थानीय खानेपानी तथा सरफाई ऐन बनाउने अधिकार
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुत्ता सम्बन्धी ऐन,२०७५ स्थानीय खाद्य समिति गठन गर्न सक्ने
- तथ्यांक ऐन,२०७९, स्थानीय तहले स्थानीय तथ्यांक ऐन बनाउने
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४,रोजगारदाताले श्रमिक,कामदार,कर्मचारीको सामाजिक सुरक्षाको तोकिए बमोजिमको रकम कोषम जम्मा गरिदिनु पर्ने

उल्लेखित ऐनहरुको अधिनमा रही गाउँपालिकाले नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ।

## परिच्छेद - तीन

## विध्यमान कानूनहरुको विश्लेषण

### ३.१ स्थानीय तहको संवैधानिक अधिकार

नेपालको मूल संरचना संघ,प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ र नेपालको राज्य शक्तिको प्रयोग संघ,प्रदेश र स्थानीय तह संविधान तथा कानून वमोजिम गर्ने कुरा संविधानको धारा ५६ मा उल्लेख छ। राज्यशक्तिको बाँडफाँड अन्तर्गत संविधानको धारा ५७ (४) मा स्थानीय तहको एकल अधिकारको सूची संविधानको अनुसूची-८ मा उल्लेखित

विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभा वा नगरसभाले बनाएको कानून बमोजिम हुने रहेको छ। स्थानीय तहले धारा २१४ बमोजिमको कार्यकारणी अधिकारको प्रयोग अनुसुची-८ र अनुससूची-९ बमोजिम गर्ने र धारा २२१ अनुसार स्थानीय तहले व्यवस्थापिकीय अधिकार प्रयोग गरि उल्लेखित विषयमा कानून बनाउने अधिकार धारा २२६ ले रुपमा प्रदान गरेको छ। त्यस्तैगरि धारा ५७ (५) मा संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची संविधानको अनुसूची-९ मा उल्लेखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने रहेको छ। गाउँसभा वा नगरसभाले कानून बनाउँदा प्रदेश कानून तथा संघिय कानूनसंग नबाझिने गरि बनाउनु पर्ने संवैधानिक व्यवस्था रहेको छ।

## ३.२ स्थानीय तहको कानूनी अधिकार

स्थानीय सरकार संचालनको कानूनी मुल दस्तावेज भनेको स्थानीय सरकार संचालन ऐन,२०४ हो। स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ संविधानको अनुसूची-८ मा रहेको स्थानीय तहको एकल अधिकारको विषयहरुमा ग्रामथान गाउँपालिकाले कानून बनाउने,कार्यान्वयन गर्ने,संशोधन गर्ने कानूनी काम,कर्तव्य र अधिकार रहेको छ।। त्यस्तै गरी ऐनको दफा ११ को उपदफा ३ र ४ मा साझा अधिकारको अनुसूची-९ मा उल्लेखित विषयहरुमा नबाझिने गरि संघ,प्रदेशको सहकार्यमा कानून बनाउने काम,कर्तब्य र अधिकार उल्लेख गरेको छ। ऐनको दफा ११ (५) मा उल्लेखित विषय संघीय तथा प्रदेश कानूनको अधिनमा रही भूमि व्यवस्थापन,सञ्चार सेवा,यातायात सेवा लगायतका कार्य गर्ने उल्लेख छ। ऐन दफा ११ (७) गाउँपालिकाले दफा ११ (१) (३) (४) र (५) बमोजिमको काम कर्तब्य र अधिकारको पर्योग गर्दा आवश्यकता अनुसार कानून,नीति,योजना,मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था छ। कार्यपालिकाको कार्यविधि र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ भन्ने व्यवस्था ऐनको दफा १६ मा उल्लेख छ। दफा १९ मा प्रदेश कानून बमोजिम सभाको वैठक र कार्यप्रणाली लागू हुने उल्लेख छ।दफा २३ सभा व्यवस्थापन कार्यविधि सभाले निर्माण गरेको कार्यसंञ्चालन नियमावली हुनेछ भन्न रहेको छ। ऐनको दफा १०२ (१) आफ्नो अधिकार क्षेत्रको विषयमा ऐन वनाउन सक्ने, दफा १०२ (२) ले पालिकाले बनाएको ऐनको अधिनमा रही नियम,कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने र दफा १०२ (३) मा दफा १०२ (१) र (२) अनुसार बनाएका कानूनहरु राजपत्रमा प्रकाशन गर्नु पर्ने स्पष्ट व्यवस्था गरेको छ। त्यस्तै गरि स्थानीय तहले बनाएका कानूनहरु राजपत्रमा प्रकाशन नभएसम्म लागू हुने छैन भन्ने कुरा दफा १०५ मा रहेको छ।

## ३.२ ग्रामथान गाउँपालिकाबाट जारी भएका विध्यमान कानूनहरुको समग्र स्थिति

### ३.२.१ नुमना कानूनको संख्या र ग्रामथान गाउँपालिकाले तर्जुमा गरेका कानूनको संख्यात्मक विश्लेषण

नेपाल सरकार,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेव साइटमा मिति २०७८।१२।०६ सम्म ५२ नमुना कानून बनाइ स्थानीय तहका लागि भनेर राखिएका छन्। नमुना कानूनहरु यस गाउँपालिकाकोले पारीत गरि लागू गरेको देखिन्छ। कतिपय नमुना कानून अन्तर्गत राखिएका कार्यविधिहरु ऐन नबनाई पारित गरि लागु गरेको देखियो। नमुना कानूनहरु यस पालिका र अन्य पालिकाले समान रुपले स्वीकृत गरेको देखिएन।

ग्रामथान गाउँपालिकाको राजपत्र खण्ड १-२ भाग १-२ को र वेवसाइटमा प्राप्त कानूनको आधारमा

| सि.न. | कानूनका विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | दिग्दर्शन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | नमुना कानुन | १० | ९ | २५ | ३ | २ | २ | ५२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ग्रामथान गाउँपालिकाले जारी गरेका कानूनहरु | १२ | २ | २४ | ३ | ० | २ | ४३ |

यसको विबरण अनुसूची-४ मा राखिएको छ।

**३.२.२ ग्रामथान गाउँपालिकाले तर्जुमा गरेका कानूनहरुको नाम,प्रकार र विश्षलेण**

| सि.न. | राजपत्रमा प्रकाशन भएका कानूनको विवरण | कानुनको प्रकार | ग्रामथान गाउँपालिकाले निर्माण गरेका विध्यमान कानूनहरुको अवस्थाको टिप्पणी |
|---|---|---|---|
| १. | राजपत्रमा प्रकाशन सम्बन्धी कार्यविधि,२०७४ | कार्यविधि | ऐन नवनाई कार्यविधि बनेको,प्रशासकीय कार्यविधि दफा ४ प्रयोग गरि निर्मित,प्रशाकीय कार्यविधि २०७४।१२।४ मा पारित,राजपत्र प्रकाशन कार्यविधि २०७४।३।२९ मा पारित देखियो |
| २. | गाउँसभा संचालन कायविधि,२०७४ | कायविधि | गाउँ र नगर सभा संचालन कार्यविधि ऐन,२०७५ कोशी प्रदेशले जारी गरि सकेकोले सोही अनुसार गर्नु पर्ने देखिन्छ। |
| ३. | ग्रामथान गाउँपालिका गाउँकार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४ | नियमावली | |
| ४. | ग्रामथान गाउँपालिका ( कार्य विभाजन) नियावली,२०७४ | नियमावली | विषय शाखागत कार्यविभाजन पुनर्विचार गर्नु पर्ने देखिन्छ। |
| ५. | स्थानीय तह विनियोजन ऐन,२०७४ | ऐन | |
| ६. | ग्रामथान गाउँपालिकाको आर्थिक ऐन,२०७४ | ऐन | प्रस्तावनामा प्रयोग गरिएको संविधानको धारा २८८ संग तालमेल हुनुपर्ने। |
| ७ | ग्रामथान गाउँपालिका आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून,२०७४ | कानून | ग्रामथान गाउँपालिकाको आर्थिक कार्यविधि कानून भन्ने कानूनको शिर्षकमा कानून भन्ने शब्दले प्रष्टता दिनु पर्ने। |
| ८ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७४ | ऐन | विधि निर्माण सुत्रमा थप गर्नु पर्ने देखिन्छ। |
| ९ | ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन | | |
| १० | घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि | | ऐन बनाउनु पर्ने, कार्यविधि प्रस्तावना लगायत अन्य संशोधन गर्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| ११ | एम.एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि | | ऐन बनाउनु पर्ने |
| १२ | ग्रामथान गाउँपालिकाको शैक्षिक व्यवसथापन कार्यविधि | कार्यविधि | |
| १३ | ग्रामथान गाउँपालिकाको सहकारी ऐन,२०७४ | ऐन | |
| १४ | ग्रामथान गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७४ | निर्देशिका | विधि सुत्र निर्माण प्रष्टता हुनु पर्ने।प्रस्तावना |
| १५ | ग्रामथान गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ | ऐन | |
| १६ | अपाङगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि,२०७५ | कार्यविधि | प्रस्तावना,विधि निर्माण सुत्र स्पष्टता हुनु पर्ने। |
| १७ | स्थानीय शिक्षा ऐन,२०७७ | ऐन | प्रस्तावना र अरु थप गर्नु पर्ने |
| १८ | शिक्षा नियमावली,२०७७ | नियमावली | नियम २३ संशोधन गरी अरु थप गर्नु पर्ने |
| | स्वास्थ्य निर्देशिका | | स्थानीय स्वास्थ्य ऐन तर्जुमा नभइ बनेको |
| | पोषणमैत्री स्थानीय तह घोषणा तथा बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम कार्यान्वयन मार्गदर्शन निर्देशिका, २०७९ | | |

### ३.२.३ ग्रामथान गाउँपालिकाले तर्जुमा गर्नु पर्ने कानूनहरु

ग्रामथान गाउँपालिकाले तर्जुमा गर्नुपर्नेहरु कानूनहरुको सूचीलाई अनुसूची-३ मा राखिएको छ।

### ३.२.४ कानून निर्माणमा ग्रामथान गाउँपालिकाको चुनौति

- प्रदेश र अन्य पालिकासँग समन्वयको अभाव
- दक्ष जनशक्तिको कमी
- स्थानीय तहको आफ्नै विशिष्टता अनुसार कानून निर्माणमा कमी
- केन्द्रको मुख ताक्ने प्रवृति

- स्थानीय अधिकारको विषयमा ज्ञानको कमी
- अभिमुखिकरण र तालिमको कमी
- विशेषज्ञ सेवा लिन उदासिनता
- निर्मित कानूनको प्रचार प्रसार नहुनु
- ऐन,कार्यविधि,निर्देशिका फरक एकै सम्झनु
- कानून बनाउन कार्यक्रम नहुनु

## परिच्छेद- चार
## अध्ययनको निचोड तथा सुझाव

### ४.१ अध्ययनको निचोड

#### ४.१.१ अधिकार क्षेत्रको विषयमा कानून निर्माणमा दुविधा

ग्रामथान गाउँपालिकाले संविधानमा उल्लेखित एकल र साझा अधिकार तथा स्थानीय सरकार संचालन ऐनमा उल्लेखित अधिकारका विषयमा कानून बनाई लागू गर्न सक्ने संवैधानिक हैसियत रहेको छ। कानून निर्माणमा दिर्घकालिन सोच, उदेश्य, लक्ष्य र कार्यक्रमको आवश्यकता हुन्छ। कानूनले सेवाको विस्तार, सुशासन, कार्य सरलीकरण,मितव्ययिता,नैतिकता जस्ता पद्वति निर्माण गर्न सकिन्छ। कानून निर्माण प्रक्रिया निरन्तर प्रक्रिया हो। कानूनी दस्तावजेहरुलाई समयानुकुल बनाउदै जानु पर्ने हुन्छ। कानूनको पालना सबैले गर्नु पर्छ।दक्ष जनशक्ति,पालिकाको क्षमता अनुसार बनेका कानूनहरुलाई समय सापेक्ष बनाउदै लग्नु पर्ने हुन्छ। ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गर्दा संविधानको कुन विषयमा, स्थानीय सरकार संचालन ऐनमा उल्लेख कुन विषयमा कानून निर्माण गर्ने, संविधान र स्थानीय सरकार संचालन ऐनको कुन धारा प्रगोग गरेर कानून निर्माण भन्ने कुरामा मतक्यैता भएको पाईएन। निर्मित कानूनहरुको कार्यान्वियन पक्ष फितलो देखिन्छ। अरु पालिकाको कानूनसँग तुलनात्मक अध्ययन गरेर हेर्दा यस गाउँपालिकाले कानून बनाउदा दुविधा उत्पन्न भएको हो कि भन्ने शंका गर्न सकिन्छ।आफ्नो स्थानीय आवश्यकता अनुसार गहन विश्लेषण गरेर कानून तर्जुमा गरेको देखिदैन।कानून तर्जुमा गर्ने जिम्मेवारी पाएका जनप्रतिनिधिहरु, कार्यान्यिवनको जिम्मेवारी पाएका कर्मचारी र प्रतिफलको उपभोग गर्ने पाउने आशा राखेका जनताहरुले स्थानीय तहको अधिकार क्षेत्रको सम्बन्धमा एउटै बुझाई हुन आवश्यक छ। यसबाट कानूनको निर्माण र कार्यान्वयन सहज हुन्छ।कानून निर्माण गर्दा विशेषज्ञ सेवा लिन कन्जुस्याई गरेको देखिन्छ भने कानूनहरुको विषयमा अभिमुखिकरण गरेको पाईएन।

#### ४.१.२ कानून निर्माणको श्रृंखलामा असामञ्जस्यता

यस ग्रामथान गाउँपालिकाबाट निर्मित कानूनहरुको संख्या धेरै देखिएता पनि कानूनी विषयहरुमा अपर्याप्तता रहेको, ग्याप रहेको भान हुन्छ। कानून निर्माणको श्रृंखलामा सामञ्जस्यता मिलेको देखिदैन। ऐन नबनाई नियमावली,ऐन,नियमवली नवनाई कार्यविधि र निर्देशिकाहरु बनेका देखिन्छन्।कानूनको अभ्यासबाट नै यसको परिमार्जन गर्न सकिन्छ।कानूनको श्रृखलामा असमाञ्यस्यता भएका कारण भबिष्यमा कानूनी खाडल उत्पन्न भई स्थानीय सरकार माथि संवैधानिक र कानूनी उदेश्य हासिल गर्न कठिनाई हुन सक्ने तर्फ ध्याम दिन जरुरी छ।

#### ४.१.३ व्वस्थापकीय क्षमता

नेपालमा संघीयताको अभ्यासको अनुभव नयाँ र भर्खर शुरुवात भएको छ। गाउँपालिका,नगरपालिका,वडा समितिको काम कर्तब्य र अधिकार लगायतका विषयहरुमा स्रोत,साधनले भ्याएसम्म काम गरेको देखिन्छ। कार्यान्वयनको

सन्दर्भमा कानूनको अभाब भएको देखिन्छ। साधन स्रोत,जनशक्तिको अपर्याप्तताता मनन गर्दै कानून तर्जुमा गर्न व्यवस्थापकीय क्षमता प्रदर्शन गरि आफ्नो भुमिका गहन रुपमा देखाउनु पर्ने हुन्छ।

### ४.१.४ स्थानीय कानून निर्माणमा मन्त्रालय र प्रदेशको भुमिका

स्थानीय कानून निर्माणमा सम्बन्धित मन्त्रालय र प्रदेशले सहजीकरण गर्नु पर्ने देखिन्छ।स्थानीय तहले पनि समन्वय गर्नु गर्दछ।

## ४.२ अध्ययनको सुझाब

कानून निर्माण एक गहन र निरन्तर प्रक्रिया हो। कानून निर्माण आवश्यकताको सिद्धान्तले पनि हुने गर्छ। कानूनको निर्माण गर्दा सामञ्जस्यता निर्माण गर्दै जानु पर्छ। यस अध्ययनले देहायका विषयहरुमा सुझाव पेश गरेको छ।

### ४.२.१ कार्य विभाजनमा तादम्यता कायम गर्नु पर्ने

गाउँपालिकाको कार्यविभजान नियमावली २०७४ अनुसार कार्य विभाजनको आधारमा साथै नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ विच तादम्यता कायम गरि कानून निर्माण गर्नु पर्ने देखिन्छ।

### ४.२.२ कानून निर्माणको परिमाण एकिन गर्नु पर्ने

यस ग्रामथान गाउँपालिकाले निर्माण गर्नु पर्ने कानूनहरुको परिमाण यकिन गरि प्राथमिकता,पुर्वानुमान र आवश्यकताका आधारमा कानून तर्जुमा गर्दै जानु पर्ने देखिन्छ।

### ४.२.३ क्षमता विकास कार्ययोजना

कार्यत कर्मचारी र जनप्रतिनिधिहरुको तालिम आवश्यकताको पहिचान गरि क्षमता विकास कार्ययोजना बनाउनु पर्छ। स्थानीय संगठन संरचनालाई संस्थागत गर्न क्षमता विकास कार्ययोजनाको आधारमा तालिम,गोष्ठी गर्नु पर्ने देखिन्छ। यसले स्थानीय कानून निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई मजवुत बनाउछ।

### ४.२.४ कानून निर्माणको श्रृंखलामा सामञ्जस्यता कायम गर्नु पर्ने

नेपालको संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थपिकीय अधिकार संविधानको अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम गाउँसभा र नगरसभामा निहित रहनेछ भन्ने रहेको छ। त्यस्तै गरि संविधान धारा २२६ ले अनुसूची- ८ र अनुसूची-९ मा उल्लेखित विषयमा गाउँसभा र नगरसभाले आवश्यक कानून बनाउन सक्नेछ भन्ने संवैधानिक प्रावधान रहेको छ। स्थानीय सरकार संचालन ऐनको दफा १०२ (१) मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्नेछ। ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम,निर्देशिका,कार्यविधि,मापदण्ड बनाउन सक्नेछ भन्ने स्पष्ट व्यवस्था गरेको छ। त्यस्तै गरि दफा ३ ले गाउँसभा र नगर सभा साथै कार्यपालिकाले बनाएका कानूनहरु राजपत्रमा प्रकाशन गर्ने पर्नेछ भन्ने उल्लेख गरेको छ। यसरी निर्मित कानूनहरु राजपत्रमा प्रकाशन नभएसम्म लागू हुने छैन भन्ने दफा ५ मा व्यवस्था रहेको छ। संविधान र स्थानीय सरकार संचालन ऐनमा कानून निर्माण सूत्र र कानून बनाउने श्रृंखलाको स्पष्ट व्याख्या रहेको देखिएकोले सो अनुसार सामञ्जस्यता निर्माण गरि कानून निर्माण गर्नु पर्ने हुन्छ।

### ४.२.५कानूनहरुको समिक्षा र पृष्ठपोषण

स्थानीय तहले वार्षिक रुपमा विषयगत शाखा,समितिमा समिक्षा गोष्ठी संचालन गरि के कति,कस्ता कानून वनाउनु पर्ने हो,कुन कुन कानून संशोधन गर्नु पर्ने हो,कानून कार्यान्वयनको अवस्था के छ,त्यसको पृष्ठपोषण लिन कार्यक्रम गर्नु पर्ने देखिन्छ।

### ४.२.५. ज्ञान व्यवस्थापन र प्रकाशन

विगतमा हामीले के कस्ता गतिबिधि गरेका थियौ, वर्तमान के गर्ने हो र भविष्यमा कसरी गर्ने हो भन्ने कुराको यकिन गर्न ज्ञान व्यवस्थापनलाई एउटा कडीको रुपमा लिन सकिन्छ। निर्मित कानूनहरुको संग्रह र भए गरेका कामहरुको विवरणहरुको अभिलेख राखी वेव साइटमा पनि प्रकाशन गर्नु पर्ने देखिन्छ। निर्माण गरेका कानूनले कानूनको हैसियत प्राप्त गर्न र लागू गर्न राजपत्र प्रकाश गर्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐनको दफा १०२ (३) रहेकोछ।

**परिच्छेद- पाँच**
**निष्कर्ष**

## ५.१ अध्ययनको निष्कर्ष

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्ने गरि कानून निर्माण गर्नु पर्दछ।ग्रामथान गाउँपालिकाले सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्न सवै पक्षको सहकार्यमा कानून निर्माण गर्नु जरुरी छ। लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण, दिगो विकासका अवधारण अनुसार स्थानीय शासन प्रणालीलाई सुदृढ गर्नका लागि पालिकाले कानूनको कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। स्थानीय तहमा रहेको विधायिकी,कार्यकारणी,न्यायिक अधिकारलाई जनताले अनुभूति गर्ने गरि कार्य गर्न सवै तह र पक्षको समन्वयमा कानूनहरुको कार्यान्वयन गर्नुपर्दछ।

## अनुसूची-१

**नेपालको संविधान को अनुसुची-८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूची अन्तर्गत उल्लेखित विषयहरु**

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)

| क्र.स. | विषय |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एमएम सचालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर,घर वहाल कर,घर जग्गा कर,रजिष्ट्रेशन शुल्क,सवारी साधन कर,सेवा शुल्क,दस्तुर,पर्यटन शुल्क,विज्ञापन कर,व्यवसाय कर, भूमिकर (मालपोत),दण्ड,जरिवाना, मनोरञ्जन कर,मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभुत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन,बाताबरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक,ग्रामिण सडक,कृषि सडक,सिंचाई |
| १२ | गाउँ सभा,नगर सभा,जिल्ला सभा,स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |

| | |
|---|---|
| १५ | कृषि तथा पशुपालन,कृषि उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य सहकारी |
| १६ | जेष्ठ नागरिक,अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन,संचालन र नियन्त्रण |
| १९ | खानेपानी,साना जलविद्युत,बैकल्पिक उर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास |

## अनुसूची-२

## नेपालको संविधान को अनुसूची-९ संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची

धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७,
धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा
(१) सँग सम्बन्धित)

| **क्र.स.** | **विषय** |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा,खेलकुद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |

| | |
|---|---|
| ५ | विद्युत,खानेपानी,सिंचाईजस्ता सेवारु |
| ६ | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,पर्यटन शुल्क |
| ७ | वन जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वाताबरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ११ | व्यक्तिगत घटना,जन्म,मृत्यु,विवाह र तथ्यांक |
| १२ | पुरात्व,प्राचिन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन |

## अनुसूची-३

नेपालको संविधान को अनुसुची-८ अन्तर्गत स्थानीय तहको एकल अधिकारको सूचीको विषयमा ग्रामथान गाउँपालिकाले  निर्माण गर्नु पर्ने कानूनहरुको सूची

(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२)
र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित

| **क्र.स.** | **अधिकारको विषय** | **तर्जुमा गर्नु पर्ने कानूनको नाम** | **ग्रामथान गाउँपालिकाले राजपत्रमा प्रकाशित गरेका कानूनहरु** |
|---|---|---|---|
| १ | नगर प्रहरी | नगर प्रहरी ऐन | निर्माण नगरेको |
| २ | सहकारी संस्था | सहकारी  ऐन | निर्माण गरेको |
| ३ | एफएम सचालन | एफएम सचालन ऐन | कार्यविधि निर्माण गरेको |

| | | | |
|---|---|---|---|
| ४ | स्थानीय कर (सम्पत्ति कर,घर वहाल कर,घर जग्गा कर,रजिष्ट्रेशन शुल्क,सवारी साधन कर,सेवा शुल्क,दस्तुर,पर्यटन शुल्क,विज्ञापन कर,व्यवसाय कर, भूमिकर (मालपोत),दण्ड,जरिवाना, मनोरञ्जन कर,मालपोत संकलन | स्थानीय कर तथा राजस्व ऐन | निर्माण नगरेको |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | • प्रशासकिय व्यवस्थापन ऐन<br>• स्थानीय सेवा ऐन<br>• संस्था दर्ता ऐन<br>• सेवा करारमा कर्मचारी व्यवस्थापन ऐन<br>• स्थानीय निर्माण व्यवसाय ऐन<br>• सुशासन ऐन<br>• आदेश प्रमाणीकरण ऐन | • प्रशासकिय व्यवस्थापन कार्यविधि निर्माण गरेको<br>• सेवा करारमा कर्मचारी व्यवस्थापन ऐन निर्माण गरेको |
| ६ | स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन | • तथ्यांक संकलन र अभिलेख व्यवस्थापन सम्बन्धी ऐन, | |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु | • पूर्वाधार विकास ऐन<br>• गाउँपालिका एकिकृत योजना आयोग ऐन<br>• शहरी सेवा व्यवस्थापन विकास ऐन<br>• निर्माण व्यवसाय ईजाजत ऐन<br>• सार्वजनिक निजि साझेदारी ऐन | • निर्माण व्यवसायी इजजात कार्यविधि निर्माण गरेको |
| ८ | आधारभूत र माध्यमिक शिक्षा | • आधारभुत शिक्षा ऐन<br>• माध्यमिक शिक्षा ऐन<br>• प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम संचालन तथा व्यवस्थापन ऐन<br>• विद्यालय संचालन तथा व्यवस्थापन ऐन<br>• विध्यालय वाहिर हुने शिक्षाको संचालन तथा व्यवस्थापन ऐन | • शिक्षा ऐन निर्माण गरेको |
| ९ | आधारभुत स्वास्थ्य र सरसफाई | • आधारभुत स्वास्थ्य ,सरसफाइ र पोषण सम्बन्धी ऐन<br>• औषधी पसल संचालन तथा व्यवस्थापन ऐन<br>• परिवार नियोजन तथा मातृशिशु | • फोहोर मैल व्यवस्थापन कार्यविधि निर्माण |

| | | | |
|---|---|---|---|
| | | कल्याण सेवा ऐन,<br>● अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र संचालन ऐन<br>● फोहोरमैला व्यवस्थापन ऐन | |
| १० | स्थानीय बजार व्यवस्थापन,बाताबरण संरक्षण र जैविक विविधता | ● उपभोक्ता हक हित संरक्षण तथा स्थानीय वस्तुको उपभोग सम्बन्धी ऐन<br>● व्यवसाय दर्ता ऐन<br>● वाताबरण संरक्षण र जैविक विविधता ऐन | ● वाताबरण संरक्षण र जैविक विविधता ऐन निर्माण |
| ११ | स्थानीय सडक,ग्रामिण सडक,कृषि सडक,सिंचाई | ● स्थानीय सडक निर्माण तथा यातायात व्यवस्थापन ऐन,<br>● सिंचाई व्यवस्थापन तथा संचालन सम्बन्धी ऐन | |
| १२ | गाउँ सभा,नगर सभा,जिल्ला सभा,स्थानीय अदालत,मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | | प्रदेशले निर्माण गरेको |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | ● स्थानीय अभिलेख व्यवस्थापन तथा संचालन ऐन,<br>● सूचना तथा अभिलेख केन्द्र स्थापना र संचालन ऐन, | |
| १४ | घर जग्गा धनी पुर्जा वितरण | ● स्थानीय भूमि व्यवस्थापन ऐन | |
| १५ | कृषि तथा पशुपालन,कृषि उत्पादन व्यवस्थापन,पशु स्वास्थ्य सहकारी | ● कृषि विकास तथा प्रसार सम्बन्धी ऐन<br>● पशु विकास,व्यवस्थापन तथा पशु स्वास्थ्य ऐन | ● कृषि व्यवसाय प्रवर्दन ऐन निर्माण |

| | | | |
|---|---|---|---|
| | | • कृषि तथा पशु व्यवसाय प्रवर्दन ऐन | |
| १६ | जेष्ठ नागरिक,अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | | अपांगता भएका व्यक्तिलाई परिचय पत्र वितरण सम्बन्धी कार्यविधि निर्माण |
| १७ | बेरोजगारको तथ्यांक संकलन | रोजगार सेवा केन्द्र स्थापना,संचालन तथा व्यवस्थापन ऐन | |
| १८ | कृषि प्रसारको व्यवस्थापन,संचालन र नियन्त्रण | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धी ऐन | |
| १९ | खानेपानी,साना जलविद्युत,बैकल्पिक उर्जा | खानेपानी संचालन तथा सेवाको व्यस्थापन ऐन<br><br>बैकल्पिक उर्जा प्रवर्द्धन ऐन | |
| २० | विपद व्यवस्थापन | विपद व्यवस्थापन ऐन | विपद व्यसस्थापन ऐन निर्माण |
| २१ | जलाधार,वन्यजन्तु,खानी तथा खनिज पदार्थको संरक्षण | खानी तथा खनिजजन्य पदार्थ उत्खन्न तथा उपयोग सम्बन्धी ऐन<br><br>जलाधार तथा वन्यजन्तु संरक्षण ऐन | |
| २२ | भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास | भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी ऐन<br><br>भाषा,संस्कृति र ललितकलाको संरक्षण र विकास आयोग ऐन | |
| २३ | | समन्वय तथा साझेदारी ऐन | |
| २४ | | न्यायिक समिति ऐन | |
| २५ | राजस्व परामर्श समितिको वैठक संचालन तथा व्यवस्थापन कार्यविधि | | कार्यविधि निर्माण |

| | | | |
|---|---|---|---|
| २६ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति बैठक संचालन तथा व्यवस्थापन कार्यविधि | | कार्यविधि निर्माण |
| २७ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठक संचालन कार्यविधि | | कार्यविधि निर्माण |
| | | स्थानीय संचित कोष संचालन ऐन | ऐन निर्माण |
| २८ | | स्थानीय आकस्मिक कोष संचालन ऐन | |
| २९ | | सार्बजनिक खरिद नियमावली | निर्माण नभएको |
| ३० | | स्थानीय अवकाश ऐन | नभएको |
| ३१ | | सदस्य तथा कर्मचारीको आचारसंहिता | नभएको |

**अनुसूची-४**

**ग्रामथान गाउँपालिकाले निर्माण गरेका कानूनहरुको सूची**

| सि.नं. | कानूनको नाम | स्वीकृत मिति | स्वीकृत गर्ने निकाय कार्यपालि) (सभा/का | राजपत्रमा प्रकाशित मिति | कै. |
|---|---|---|---|---|---|
| **क)** | **ऐनहरु** | | | | |
| १. | आर्थिक ऐन | २०७४/०६/३१ | | २०७४/०६/३१ | निष्क्रिय |
| २. | न्यायिक समितिले उजुरु कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन | २०७४/०६/३१ | | २०७४/०६/३१ | सक्रिय |
| ३. | विनियोजन ऐन | २०७८/०३/३० | | २०७८/०३/३० | |
| ४. | ग्रामथान गाउँपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन | २०७७/११/२६ | | २०७७/११/२६ | सक्रिय |
| ५. | ग्रामथान गाउँपालिकाको सहकारी ऐन | २०७४/०४/१२ | | २०७४/०४/१२ | निष्क्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| | विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन | २०७६/०३/१० | | २०७६/०३/१० | सक्रिय |
| ६. | सहकारी ऐन | २०७७/०७/०७ | | २०७७/०७/०७ | सक्रिय |
| ७. | शिक्षा ऐन | २०७७/०५/०४ | | २०७७/०५/०४ | सक्रिय |
| ८. | स्थानीय तहमा वाताबणीय तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन | २०७८/०४/०१ | | २०७८/०४/०१ | सक्रिय |
| ९. | कृषि तथा पशुपंक्षी ऐन, २०७८ | २०७८/११/१३ | | २०७८/११/१३ | सक्रिय |
| १०. | भुमि ऐन, २०७८ | २०७८/११/१३ | | २०७८/११/१३ | सक्रिय |
| ११. | ग्रामथान गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०७८ | | | | सक्रिय |
| १२. | खेलकुद विकास ऐन, २०८० | २०८०/०३/१० | | २०८०/०३/१० | सक्रिय |
| **ख)** | **नियमायलीहरु** | | | | |
| १. | गाउँ कार्यपालिका कार्य विभाजन नियमावली | २०७४/०३/२९ | | २०७४/०३/२९ | सक्रिय |
| २. | शिक्षा नियमावली | २०७७/०५/०३ | | २०७७/०५/०३ | सक्रिय |
| **ग)** | **निर्देशिकाहरु** | | | | |
| १. | ग्रामथान गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका | २०७४/१२/०४ | | २०७४/१२/०४ | सक्रिय |
| २. | स्वास्थ्य निर्देशिका | २०७६/०२/२६ | | २०७६/०२/२६ | सक्रिय |
| ३. | पोषणमैत्री स्थानीय तह घोषणा तथा | २०७९/११/०४ | | २०७९/११/०४ | सक्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| | बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम कार्यान्वयन मार्गदर्शन निर्देशिका, २०७९ | | | | |
| **घ)** | **कार्यविधिहरू** | | | | |
| १. | गाउँसभा संचालन कार्यविधि | २०७४/०३/२९ | | २०७४/०३/२९ | सक्रिय |
| २. | ग्रामथान गाउँपालिका कार्य सन्चालन कार्यविधि | २०७४/०३/२९ | | २०७४/०३/२९ | सक्रिय |
| ३. | ग्रामथान गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानून | २०७६/०६/३१ | | २०७६/०६/३१ | सक्रिय |
| ४. | घ वर्गको निर्माण व्यवसाय इजाजत सम्बन्धी कार्यविधि | २०७४/०३/१२ | | २०७४/०३/१२ | सक्रिय |
| ५. | एफ एम रेडियो व्यवस्थापन तथा सन्चालन कार्यविधि | २०७४/०४/१२ | | २०७४/०४/१२ | निष्क्रिय |
| ६. | ग्रामथान गाउँपालिकाको शिक्षा व्यवस्थापन कार्यविधि | २०७४/०४/१२ | | २०७४/०४/१२ | सक्रिय |
| ७. | ग्रामथान गाउँपालिका प्रशासकीय कार्यविधि | २०७४/०३/२० | | २०७४/०३/२० | सक्रिय |
| ८. | अपाङ्ग भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि | २०७५/०३/०३ | | २०७५/०३/०३ | सक्रिय |
| ९. | विपद व्यवस्थापन कोष सन्चालन कार्यविधि | २०७५/०३/२९ | | २०७५/०३/२९ | सक्रिय |
| १०. | उपभोक्ता समिति गठन कार्यविधि | २०७६/०७/२६ | | २०७६/०७/२६ | सक्रिय |
| ११. | छात्रासंग उपाध्यक्ष | | | | निष्क्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम सन्चालन कार्यविधि | | | | |
| १२. | लैङ्गिक हिंसा कोष सन्चालन कार्यविधि | | | | सक्रिय |
| १३. | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि | २०७८/०७/२० | | २०७८/०७/२० | सक्रिय |
| १४. | मेलमिलाप कार्यसन्चालन कार्यविधि | २०७८ ०२/०७/ | | २०७८०२/०७/ | सक्रिय |
| १५. | ग्रामथान गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसन्चालन कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |
| १६. | ग्रामथान गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसन्चालन कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |
| १७. | स्थानीय तहको योजना योजना प्रकृयामा युवा सहभागीता सम्बन्धी कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | निष्क्रिय |
| १८. | ग्रामथान गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको कार्यसन्चालन कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |
| १९. | ग्रामथान गाउँपालिकाको संक्षिप्त वातावरणीय परिक्षण कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| २०. | ग्रामथान गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |
| २१. | ग्रामथान गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७८ | २०७८ | | २०७८ | सक्रिय |
| २२. | ग्रामथान गाउँपालिकामा करार प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७८ | २०७८/०६/२४ | | २०७८/०६/२४ | सक्रिय |
| २३. | राजस्व परामर्श समितिको कार्यविधि, २०७८ | २०७८/०७/०२ | | २०७८/०७/०२ | सक्रिय |
| २२. | घरनक्सा पास सम्बन्धि कार्यविधि, २०७९ | २०७९/०३/२४ | | २०७९/०३/२४ | सक्रिय |
| २३. | ग्रामथान गाउँपालिकाको जलस्रोत, खानेपानी तथा सरसफाई उपभोक्ता समितिको व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८० | २०८०/०२/०५ | | २०८०/०२/०५ | सक्रिय |
| २४ | कर्मचारी तहवृद्धी सम्बन्धि कार्यविधि, २०८० | २०८०/०३/१० | | २०८०/०३/१० | निष्क्रिय |
| **ङ)** | **मापदण्डहरु** | | | | |
| १. | खर्चको मापदण्ड | २०७६/०७/२६ | | २०७६/०७/२६ | सक्रिय |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | बालपोषण भत्ता सम्बन्धि अभिवावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९ | २०७९/११/०५ | | २०७९/११/०५ | सक्रिय |
| **च)** | **अन्य** | | | | |
| १. | ग्रामथान गाउँपालिकाको सामाजिक समावेशिकरण नीति, २०७९ | २०७९/११/१५ | | २०७९/११/१५ | सक्रिय |
| २ | ग्रामथान गाउँपालिकाको स्थानीय रोजगार रणनीति, २०८० | २०८०/०४/०१ | | २०८०/०४/०१ | सक्रिय |